लागू औषध नियन्त्रण व्यूरो
Narcotics Control Bureau
कोटेश्वर, काठमाडौ

# प्रेस विज्ञप्ति- २३३
# Press Release-233

मिति: २०७५।०८।०७ गते।

## नियन्त्रित मनोद्विपक लागू औषध सहित २ जना मानिस पक्राउ

मिति २०७५/०८/०६ गते लागू औषध नियन्त्रण व्यूरो कोटेश्वरबाट खटिएको प्रहरी टोलीले बिशेष सूचनाको आधारमा जिल्ला काठमाण्डौ बुढानिलकण्ठ नगरपालिका वडा नं ११ आकासेधारा बस्ने बर्ष २७ को बिबेक कटुवाललाई ***नियन्त्रित मनोद्विपक लागू औषध नाईट्रोजेपाम (नाईट्राभेट) ११६५ ट्याब्लेट*** सहित जिल्ला काठमाण्डौ का.म.न.पा. वडा नं. ४ सुकेधाराबाट पक्राउ गरिएको छ।

त्यसै गरी मिति २०७५।०८।०७ गते लागू औषध नियन्त्रण व्यूरो कोटेश्वरबाट खटिएको प्रहरी टोलीले जिल्ला सर्लाही हरिवन नगरपालिका वडा नं. ७ घुरकौली ठेगाना भएका बर्ष २७ को गोबिन्द राउत कुर्मीलाई ***नियन्त्रित मनोद्विपक लागू औषध नाईट्रोजेपाम (नाईट्राभेट) ट्याब्लेट १०५०*** पिस, स्पास्मो प्रोक्सिभन १४४ क्याप्सुल र Codeine phosphate Chlorpheniramine Malete Syrup ५ (पाँच) बोलत सहित जिल्ला काठमाण्डौ का.म.न.पा. वडा नं. ८ गौशालाबाट पक्राउ गरिएको छ।

**निजहरु उपर आवश्यक अनुसन्धान कार्य भई रहेको व्यहोरा जानकारीको लागि अनुरोध ।**

**उक्त लागू औषधको अनुमानित बजार मूल्य २ लाख ५० हजार हुन आउने।**

•••

फोन नं. ४६०१०४८ /फ्याक्स नं. ४६०१९७८, ईमेल : ncbnepal@gmail.com






नियन्त्रित मनोद्दिपक लागू औषध नाईट्रोजेपाम